आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १६ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. जम्मू कश्मीरमा आतंककारीसितको भिडन्तमा एक सेना अधिकारी र एक विशेष अपरेशन टोलीका सिपाहीसहित पाँच सुरक्षाकर्मी शहीद भएका छन्।
२. जम्मू-कश्मीरको डोडा जिल्लामा आतङ्कवादीहरूसँग भएको भिड़न्तमा दार्जीलिङका सुपुत्र कप्तान ब्रिजेश थापा शहीद भएका छन्। मुख्यमन्त्री , सांसद र जिटीए प्रमुखद्वारा शोक प्रकट गरिएको छ|
३. खरसाङ बजारमा साग सब्जीहरूको मूल्य नियन्त्रण गर्न विभागहरूद्वारा दोकानहरूको निरीक्षण गरिएको छ।
४. कञ्चनजंगा एक्सप्रेस दुर्घटना केवल लोको पायलटको गल्ती नभएर ट्रेन मेनेजमेन्ट सिस्टममा गलत बुझाईको कारण भएको जाँच रिपोर्टमा भनिएको छ।
५. खरसाङमा गुरु पद्यमा सम्भवको जन्म जयन्ती धार्मिक रैली र पूजा अर्चनाको साथमा पालन गरिएको छ।

**जम्मू-कश्मीर-डोडा भिडन्त**

जम्मू कश्मीरमा आतंककारीसितको भिडन्तमा एक सेना अधिकारी र एक विशेष अपरेशन टोलीका सिपाहीसहित पाँच सुरक्षाकर्मी शहीद भएका छन्। हिजो राति डोडा जिल्लामा सेना र आतंककारीबीच सुरु भएको भिडन्तमा यी सैनिकहरू गम्भीर घाइते भएका थिए। हाम्रो जम्मू संवाददाताले बताए अनुसार आतंकवादीहरूको उपस्थितिको बारेमा जानकारीको आधारमा राष्ट्रिय राइफल्स र जम्मू र कश्मीर पुलिसको विशेष अपरेशन टोलीले हिजो राती धारी गोटे क्षेत्रमा संयुक्त घेरा र खोज अभियान सुरु गरेको थियो। यस गोलीबारीमा एक सेनाको अधिकारीसहित पाँच सैनिक गम्भीर घाइते भएका थिए जसको आज मृत्यु भएको थियो। जम्मू कश्मीरका लेफ्टिनेन्ट गभर्नर मनोज सिन्हाले बहादुर सैनिकहरूको बलिदानलाई श्रद्धांजलि अर्पण गर्नु भएको छ।

****** ० ******

**शहीद ब्रिजेश थापा १**

जम्मू-कश्मीरको डोडा जिल्लामा आतङ्कवादीहरूसँग भएको भिड़न्तमा दार्जीलिङका सुपुत्र कप्तान ब्रिजेश थापा शहीद भएका छन्। हिजो राति जम्मू-कश्मीरको डोडा शहरदेखि लगभग ५५ किलोमिटर टाड़ा देसा वन क्षेत्रको धारी गोटे उरबागीमा आतङ्कवादीहरूसँग भएको भिड़न्तमा कप्तान थापासहित अन्य चार जवान शहीद भएका हुन्। २७ वर्षीय आर्मी अफिसर ब्रिजेश थापा दार्जीलिङको बडा गिङ बजार निवासी हुन्। पारिवारिक सूत्रका अनुसारए ब्रिजेश थापा २०१६ मा कमिसन परीक्षा उत्तीर्ण गरी सेनामा भर्ना भएका थिए। १४५ एयर डिफेन्समा कार्यरत थापा भने दुई वर्षका लागि दस राष्ट्रिय राइफल्समा एक्स्ट्रा रेजिमेन्टल ड्युटीमा खटिएका थिए। मेजर ब्रिजेश थापा सहिद बनेको खबर फैलिनसाथै दार्जीलिङ पहाडमा शोकको लहर छाएको छ। कप्तान शहीद ब्रिजेश थापाका पिता भुवनेश कुमार थापा पनि सेनाका सेवानिवृत्त अधिकारी हुन्। उनी सेनाको कर्णल पदबाट सेवानिवृत्त भएका हुन्। शहीद थापाको पार्थिव शरीर भोलि दार्जीलिङ ल्याइपुऱ्याइने जानकारी पाइएको छ। उल्लेखनीय छए हिजो आतङ्कवादीहरूसँग भएको भिड़न्तमा भारतीय सेनाका पॉच जवान घाइते भएका थिए भने आज (मंगलवार) उपचारको क्रममा पॉचैजना जवानले वीरगति प्राप्त गरेका छन्।

****** ० ******

**शहीद ब्रिजेस थापा २**

जम्मूको डोडा जिल्लामा आतङ्कीहरूसितको मूठभेडमा शहीद बनेका ब्रिजेस थापा सानैदेखि देश सेवाको निम्ति आर्मीमा जान चाहन्थे। उनको पिता पनि आर्मी अफिसर थिए। उनको पिता अवकाशप्राप्त कर्नल भुवनेश कुमार थापा हुन्।ब्रिजेस थापाले सानैदेखि पिताको आर्मीको ड्रेस लगाएर आर्मीमा जाने कटिबद्धता जाहेर गर्दथे। ब्रिजेस थापाले इञ्जिनियरिङमा बीटेक गरेका थिए। तर उनी देशको सेवा गर्न आर्मीमा जान चाहन्थे।

शहीद ब्रिजेस थापाको पिता अवकाशप्राप्त कर्नल भुवनेशकुमार थापाले पत्रकारहरूसित कुराकानी गर्दै छोरा ब्रिजेस थापासित अन्तिमपल्ट गत आइतवार बातचीत भएको र पहाड़बाट तलतिर आएर पुन: पहाड़मा जानु पर्ने भएको बताएको जानकारी गराउनु भएको छ। उहाँले आफ्नो छोरा ब्रिजेस थापाले इञ्जिनियरिङमा बीटेक गरेको र आफुहरूले अरू काम गर्नुभन्दा पनि देशको लागि आर्मीमा नै जाने कुरा छोराले बताउने गरेको पनि बताउनु भएको छ।

****** ० ******

## मुख्यमन्त्री ममता शहिद

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले भारतीय सेनामा कार्यरत दार्जीलिङका क्याप्टन ब्रजेश थापाको शहादतमा गहिरो दु:ख व्यक्त गर्नु भएको छ। मुख्यमन्त्रीले मंगलवार ट्विटरमा शोक सन्देश जारी गर्नु हुँदै आफ्नो संवेदना व्यक्त गर्नु भएको छ। मुख्यमन्त्री ब्यनर्जीले ट्वीट गर्नु हुँदै भन्नु न्भायोए श्दार्जीलिङका युवा सेना अधिकारी ब्रिजेश थापाको ड्यूटी अवधि भएको शहादतले गहिरो दु:ख पुऱ्याएको छ। मेरो संवेदना उनको परिवारसित छ।

****** ० ******

## ब्रिजेश- अनित थापा

दार्जिलिङको लेबोङ अन्तर्गत बडा गिङ निवासी सहिद ब्रिजेश थापाको मृत्युमा गोर्खाल्याण्ड क्षत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले गहिरो शोक व्यक्त गर्नु भएको छ ्र श्री थापाले शोशल मिडिया पोस्टमा लेख्नु भएको छ ए देशको निम्ति प्राणको आहुति दिने शहीद कप्तान ब्रिजेश थापा गोर्खा सपुत हुन्। शहिद ब्रिजेश थापाको चिर आत्मा शान्तिको कामना गर्दछु।

****** ० ******

## सांसद राजु विष्ट शहीद

दार्जीलिङका सांसद राजु विष्टले आतङ्कवादीहरूसितको भीडन्तमा शहीद भएका गोर्खे सैनिक अधिकारी मेजर ब्रिजेस थापालाई श्रद्धाञ्जली दिनु भएको छ। सांसद राजु विष्टले आज एक प्रेस विज्ञप्ति जारी गरेर हिजो राति कश्मीरको डोडा जिल्लामा आतङ्कवादीहरूसँगको भिडन्तमा मातृभूमिको रक्षा गर्दै वीरगति प्राप्त गर्ने ब्रिजेश थापालगायत अन्य जवानहरूप्रति गहिरो श्रद्धाञ्जली अर्पण गर्न दार्जीलिङ पहाड, तराई, डुवर्स र देशभरका जनतासँग आफु सामेल रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो, मेजर ब्रिजेश थापा आज हाम्रो राष्ट्रको लागि बलिदान दिने अमर भारतीयहरूको सूचीमा सामेल भएका छन्। उहाँले यस दु:खद घडीमा दार्जीलिङको गिङ चियाबारी निवासी ब्रिजेशका पिता कर्णेल भुवनेशकुमार थापा र उनको परिवारजनमा समवेदना व्यक्त गर्नु भएको छ।

****** ० ******

## कञ्चनजंगा एक्सप्रेस दुर्घटनाको रिपोर्ट

कञ्चनजंगा एक्सप्रेस दुर्घटना केवल लोको पायलटको गल्ती नभएर ट्रेन मेनेजमेन्ट सिस्टममा गलत बुझाईको कारण भएको हो। उक्त कुरा रेलवे सुरक्षा आयुक्तद्वारा जारी जाँच रिपोर्टमा भनिएको छ। रिपोर्टमा स्पष्ट गरिएको छए दुर्घटना न केवल चालकको गल्तीले भयो तर ट्रेन प्रबन्धन प्रणालीको लापरवाहीको कारण पनि भएको हो। सही मेमोको कमीए सिग्नलिङ प्रणालीमा खराबी र पायलट र को-पायलटले उचित प्रशिक्षण नपाएको कारण दुर्घटना घट्यो। सूत्रहरू अनुसारए जाँच रिपोर्टमा रेलवे बोर्डको कड़ा आलोचना गरिएको छ। उल्लेखनीय छए १७ जूनमा सिलगढ़ीको फांसीदेवामा कञ्चनजंगा एक्सप्रेस दुर्घटनाग्रस्त भएको थियो। कञ्चनजंगा एक्सप्रेस एनजेपी स्टेशनबाट निस्केपछि मालगाड़ीसित ठोकिन्दा १० जनाको मृत्यु भएको थियो। दुर्घटनापछि रेलवे बोर्डको तर्फबाट चालकलाई जिम्मेवार ठहर गरिएको थियो। यसपछि मुख्य रेलवे सुरक्षा आयुक्तले घटनाको जाँच शुरू गऱेका थिए।

****** ० ******

## साग सब्जीहरूको दोकानहरु निरीक्षण

खरसाङ बजारमा साग सब्जीहरूको मूल्य निर्धारण र मूल्य के-कस्तो छ भनेर बुझ्न महकुमा शासकको निर्देशनमा कृषि विभागए पुलिस प्रशासनए अन्य विभागहरूद्वारा दोकानहरूको निरीक्षण गरिएको छ। खरसाङ महकुमा शासकको कार्यालयमा सभा

बसेर बजारमा साग सब्जीहरूको मूल्य विषयमा आज खरसाङ बजारको हार्ट बजार क्षेत्रमा रहेको सब्जी दोकानहरूमा निरीक्षण गरिएको छ।
दोकानेहरूले साग सब्जीहरूको मूल्य वृद्धि गरेका छन् वा छैनन् साथै साग सब्जीहरूको मूल्य के-कस्तो छ भनी बुझ्न उक्त निरीक्षण गरिएको छ। उक्त निरीक्षणमा डेपुटी म्याजिस्ट्रेटए डेपुटी कलेक्टर देवज्योति बरालए बीसीडब्ल्यु इन्स्पेक्टर सांग्येला भोटियाए कृषि विभाग खरसाङको सह निर्देशक दिवस तामाङए महकुमा शासक कार्यालयको को-अर्डिनेटर डम्बर छेत्रीए खरसाङ पुलिस थानाको आईसी लगाय अन्य विभागहरूका पदाधिकारीवर्ग उपस्थित रहेका थिए।
यस्तो निरीक्षण अब हप्ताहमा दुईपल्टसम्म गरिने थाहा लागेको छ। अहिलेघरी बजारमा साग सब्जीहरूको मूल्य वृद्धि भइरहेकाले जनसाधारणको सुविधाको लागि यसरी विभागीय रूपमा निरीक्षण गरिएको जानकारी प्राप्त भएको छ।
उक्त निरीक्षणपछि पत्रकारहरूसित कुराकानी गर्दै कृषि विभाग खरसाङको सह निर्देशक दिवस तामाङले बजारमा साग सब्जीहरूको मूल्य वृद्धिका कारण खरसाङको हाट बजारदेखि आज पहिलो निरीक्षण शुरू गरिएको र आगामी दिनमा अन्य स्थानहरूमा निरीक्षण गरिने बताउनु भएको छ ।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

दार्जीलिङ नगरपालिकाले दार्जीलिङको शहरको बाटा परिसरए सदर थाना अघि अनि ठूलो टोईलेट अघि कसैलाई पनि अवैध तरिकाले दोकानपाट नथापिदिने भनी सूचना जारी गरेको छ । यदि कसैले पनि उक्त परिसरमा दोकान थापेको पाइएको खण्डमा दार्जीलिङ नगरपालिकाद्वारा कानुनी कार्वाही गरिने चेतावनी पनि दिएको बताइएको छ ।

****** ० ******

**गुरु पद्यमा सम्भवको जन्म जयन्ती**

खरसाङमा गुरु पद्यमा सम्भवको जन्म जयन्ती धार्मिक रैली र पूजा अर्चनाको साथमा पालन गरिएको छ। विशेष गरेर खरसाङको रिभरभ्यु क्षेत्रमा रहेको साङ्गा छोकोरलिङ गुम्बामा गुरु पद्यमा सम्भवको जन्म जयन्ती पालन गरिएको छ। उक्त गुम्बामा गत ७ जुलाईदेखि शुरु भएको पूजा आज १६ जुलाईसम्म चलेर समापन गरिएको छ। उक्त पूजा आज गुरु पद्यमा सम्भवको जन्म जयन्तीको अवसरमा खरसाङमा एक आजको दिन धार्मिक रैलीको साथमा पूजा अर्चना गरी गुरु पद्यमा सम्भवको जन्म जयन्ती पालन गरिएको जानकारी गुम्बाको लामा डुपला ढेण्डुपले जानकारी दिनु हयेको छ । उहाँले जानकारी दिनु भए भए अनुसार आजको दिन गुरु पद्यमा सम्भवको जन्म जयन्तीको अवसरमा पूजा अर्चना गरिएको र आजको दिनलाई श्थुङ्कर छेसुश भन्ने गरिएको र यसको अर्थ गुरु पद्यमा सम्भव मानिसको कोखबाट नजन्मेर उनी प्राकृतिक रूपमा जन्म लिएको बताउनु भएको छ ।

****** ० ******

**कालेबुङमा स्वतन्त्रता दिवस**

कालेबुङमा स्वतन्त्रता दिवस पालन गरिने विषयलाई लिएर स्वतन्त्रता दिवस आयोजक समितिको सभा सम्पन्न भयो । समारोहलाई भव्य बनाउनका लागि विभिन्न स्कुलका प्रतिनिधिहरूसँग सभा बसेर छलफल गरिएको जानकारी प्राप्त भएको छ । सभापछि सचिव भुवन पि खनालले सबैलाई उपस्थित भएर कार्यक्रम सफल बनाइदिने आह्वान गर्नु भयो ८ यसैबीच गत वर्ष कुमुदिनी स्कूललाई लगाइएको प्रतिबन्ध पनि हटाइएको जनाइएको छ।

****** ० ******

**मिरिक फार्मर्स**

मिरिक फार्मर्स प्रोड्युसर्स कम्पनीको आउटलेटको उद्घाटन आज सौरेनी बजारस्थित जेएन प्लाजामा गरियो। आउटलेटको उद्घाटन मिरिक खण्ड कृषि बिभागका सहनिर्देशक बिभुती बी. रिजालले गर्नु भयो । यस अवसरमा उहाले क्षेत्रमा खेतीपातीलाई बडावा दिन र कृषकहरुलाई खेतीप्रति प्रोत्साहित गर्नको लागि बिभागले केन्द्र र राज्य सरकारको विभिन्न योजनाहरु कार्यान्वयन गरिरहेको बताउनु भयो ।

****** ० ******

**कालेबुंग बन बिभाग**

कालेबुंग बन बिभागको आयोजनामा डाक्टर ग्राम होम्स परिसरमा बन महोत्सव पालन गरेको छ। कार्यक्रममा जिल्लापाल बाला सुब्रमान्यम टिए विधायक रूदेन लेप्चाए डी एफ ओ चित्रक भट्टाचार्यए जिल्ला कानुनी सेवा प्राधिकरण सचिव छिटेन टाँसी सेर्पाए अधिकारीवर्ग लगायत विभिन्न स्कुलका विद्यार्थीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्नु हुदै जिल्लापाल बाला सुब्रामान्यम टि- ले पर्यावरण संरक्षण र सन्तुलन बनाई राख्न सबै संयन्त्र र सरोकार पक्ष अनि नागरिकहरूको सहभागिता आवश्यक रहेको बताउनु भएको छ। यसरी नै लिखुभिरको पैरोग्रस्त क्षेत्रमा पैरो रोक्नका निम्ति बिरुवाहरू रोप्ने योजना रहेको उहाले बताउनु भयो।

****** ० ******